# परमेश्वरकहाँ जाने बाटो





# परमेश्वरले सारा संसार र सारा जीवित १ कुराहरू बनाउनुभयो


**"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"** उत्पत्ति १:१

**"किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए र स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू......।"** कलस्सी १:१६

**"परमप्रभु, जसले स्वर्ग र पृथ्वी बनाउनुभयो, उहाँबाट तिमीहरूले आशिष पाएका छौ । स्वर्ग ता परमप्रभुकै हो । तर पृथ्वीचाहिँ उहाँले मानिस जातिलाई दिनुभएको छ ।"** भजनसंग्रह ११५:१५-१६

परमेश्वरले सिद्ध पृथ्वी सृष्टि गरेर मानिसहरूलाई दिनुभयो । त्यसपछि के भयो यो पुस्तिकामा पढ्नोस् ।

# हामीलाई परमेश्वरले बनाए



फेरि परमेश्वरले भन्नुभयो, "**मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले सबै जन्तुहरूमाथि अधिकार गरून् ।**" उत्पत्ति १:२६

# मानिस एउटा जीउँदो प्राणी भयो 

**परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी* भयो।**

उत्पत्ति २:७

फेरि परमप्रभु परमेश्वरले, भन्नुभयो, "**मानिस एक्लो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।**" "**यसैकारण जुन करङ्ग परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो।**"

उत्पत्ति २:१८,२१-२२

*जीवित प्राणीको अर्थ हुन्छ कुनै ठाउँमा हामी सदैव रहनु।

# ४ आदम र हव्वाले परमेश्वरको आज्ञा उलङ्घन् गरे ।



हामीले शैतानको आवाज कैले सुन्न हुन्न ।

**"परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यो गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। औ उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, 'बगैंचाका सबै रूखका फल तैंले संकोच नमानी खाए हुन्छ, तर असल र खराब ...... दिन तैंले त्यो खान्छस् त्यसै दिन तँ मर्नेछस्।'"** उत्पत्ति २:१५-१७

सर्पलाई शैतान वा दियाबलस पनि भनिन्छ, त्यसले परमेश्वरको अख्तियार माथि प्रश्न राख्यो र भूटो कुरो सुनायो।

**सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू कदापि मर्दैनौ। अनि जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, औ कसैलाई बुद्धिमान बन्नलाई सो रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, औ तिनले पनि खाए।"**

उत्पत्ति ३:४, ६

# ६ बगैंचामा अब आदम र हव्वा रहनु सकेन



"………परमप्रभु परमेश्वरले तिनलाई अदनको बगैंचाबाट निकालिदिनुभयो। उहाँले मानिसलाई धपाइदिनुभयो, र जीवनको रूखतर्फको बाटो पहरा गर्नलाई ……… र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो।" उत्पत्ति ३:२३-२४

# जब आदम र हव्वाले पाप गर्‍यो सो दिन ७
# मानिस जातिको निम्ति दुःखको दिन थियो



"... पाप आयो, ...... हुनाले सबै मानिसमा मृत्यु फैलियो ।" रोमी ५:१२

## याद गर्ने केही कुराहरू

प्रत्येक मानिसले पापको स्वभाव लिएर जन्मिएको हुन्छ र एकदिन मर्छ किनकि मृत्यु पापद्वारा आयो । (रोमी ५:१२ फेरि पढ्नुहोस् ।)

# ८ हामीलाई पापबाट बचाउन परमेश्वरको योजना आफ्नो एकमात्र पुत्र पठाउनुहो ।



मानिस जातिमा प्रवेश गर्नु परमेश्वरको पुत्र एउटा मानिसको देहबाट आउनुभयो ।

**"तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।"** मतियोस १:२१

**"किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ ।"**

कलस्सी २:९

“आदिमा वचन हुनुहुन्थ्यो, वचन ...... परमेश्वर हुनुहुन्थ्यो । अनि वचन देहधारी हुनुभयो, र हाम्रा बीचमा वास गर्नुभयो ।” योआनेस १:१,१४

“अगमवक्ताद्वारा परमप्रभुले ...... सबै भएका हुन्” “हेर, एउटा कन्याले गर्भधारण गर्नेछ, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ,” जसको अर्थ हो, “परमेश्वर हामीहरूसँग ।” मतियोस १:२२-२३

“किनभने हाम्रा निम्ति एउटा पुत्र दिइएको छ । शासन उहाँको हातमा हुनेछ । उहाँको नाउँ उदेकका युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाइनेछ ।” यशैया ९:६

# १० येशू ख्रीष्ट-हाम्रो सिद्ध वलिदान

"...पाप नचिन्नुहुनेलाई।" २ कोरिन्थी ५:२१



"उहाँले कुनै पाप गर्नुभएन।"
१ पत्रस २:२२

पापको छुटकारा निमित्त मानिसले कुनै सिद्ध वलिदान गर्न सकेन। किनकि साढ़े र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ। हिब्रू १०:४

येशू परमेश्वरका थुमा हुनुहुन्छ।
"हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" योआनेस १:२९ख

येशूलाई काठको क्रूसमा किला ठोकियो किनभने उहाँलाई क्रूर मानिसहरू घृणा गर्थे । तर उहाँको मृत्यु परमेश्वरको योजना अनुसार थियो । स्वइच्छानुरूप आफ्नो जीवन हामीलाई पापबाट बचाउनु अर्पण गर्नुभयो ।

येशूले भन्नुभयो "**कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर ...... यो आज्ञा मैले मेरा पिताबाट पाएको छु ।**" योआनेस १०:१८


*परमेश्वरको थुमाको रगतले हामी छुटकारा पाएका छौं ।*

"**...तिमीहरू जान्दछौ, कि आफ्ना पिता–पुर्खाबाट आएका व्यर्थका ...... छुट्टयाइएको होइनौ, तर दाम तिरी छुट्टयाइएका छौ ।**" १ पत्रस १:१८-१९

*अरू कुनै वलिदानले पाप हरण हुँदैन ।*

"**...बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं ।**" हिब्रू १०:१०

१२ "यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको कोधबाट उहाँद्वारा बचाइनेछौं ।" रोमी ५:९




"पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।" रोमी ५:८

# जसले परमेश्वरको पुत्रमा विश्वास गर्छ १३
# त्यससंग अनन्त जीवन छ ।

"**किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।**" योआनेस ३:१६

"उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुको अर्थ हामीलाई परमेश्वरमा फर्काउनु हो र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ ।" कलस्सी १:१३-१४

# "उहाँ बौरी उठ्नुभएको छ ।"



तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबामोजिम उहाँ जीवित भई उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाउँ हेर ।"

मतियोस २८:५-६

# मृत्युबाट येशू बौरी उठ्नुभयो ।

**"जीवितचाहिं म नै हुँ । म मरेको थिएँ । हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन् ।"** प्रकाश १:१८

**"म … हुनाले, तिमीहरू पनि जीवित रहनेछौ ।"** योआनेस १४:१९

किनकि ख्रीष्टले मृत्युमाथि जय प्राप्त गर्नुभएको छ र मृत्युको साँचो उहाँसंग छन्, अब हामी मृत्युसंग डराउनु परेन ।

**"जुन बेला मलाई डर लाग्छ ……भरोसा राख्नेछु ।"** भजनसंग्रह ५६:३

*(परमेश्वरको प्रतिज्ञा निमित्त पृष्ठ ४६, हेर्नोस् ।)*

## येशूले तपाईलाई बचाउन सक्छन् र प्रार्थना गरिरहेका छन् ।

**"तर येशूचाहिं अनन्त हुनुभएकोले …उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरूका निम्ति … उहाँ सदैव जीवित रहनुहुन्छ ।"** हिब्रू ७:२४-२५

# १६ तपाईं र म अनन्त जीवन पाउन सक्छौं




तपाईं कुन बाटो हिंडिरहनु भएको छ ?

येशू अनन्त जीवनको बाटो हुनुहुन्छ ।

शैतान अनन्त मृत्युको बाटो हो ।

अनन्त जीवनको निम्ति यो केटोले सही बाटो पछ्याएको छ ।

# कुन कुरा रोज्नु पर्ने



**"तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज।"** यहोशू २४:१५

**"यसकारण जीवननै रोज र तिमीहरू र तिमीहरूका भावी पुस्ता जिउनेछौ।"** व्यवस्था ३०:१९

## येशू अनन्त जीवनको बाटो हुनुहुन्छ


**"अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।"** प्रेरित ४:१२

**"म, अवश्य मनै परमप्रभु हुँ। मबाहेक अरू कोही उद्धार गर्नेछैन।"**

यशैया ४३:११

# १८ अनन्त जीवन पाउनलाई किन हामीले येशूलाई नै रोज्नुपर्छ

## १. उहाँ ख्रीष्ट हुनुहुन्छ जो आउनुभयो।




"म त तिनीहरूले जीवन पाऊन्, भन्ने हेतुले आएँ।"

योआनेस १०:१०

२. उहाँ ख्रीष्ट हुनुहुन्छ जसले हामीलाई माया गर्नुभयो र मर्नुभयो। "परमेश्वरको पुत्रले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।"

गलाती २:२०

येशू हामी जस्तै शरीरमा र रगतमा मानिस हुनुभयो।

"मृत्युको शक्ति भएकोलाई, अर्थात दियाबलसलाई उहाँले नष्ट गरून्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदिऊन् ।"

हिब्रु २:१४-१५

३. हाम्रो पापलाई शुद्ध गर्ने प्रभु येशूको रगत मात्र हो ।

"हाम्रा पापहरूको छुटकारा येशूको रगतद्वारा मात्र हुन्छ । रगतद्वारा प्रायश्चित गरिन्छ ।" लेवी १७:११

"उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।"

१ योआनेस १:७

"उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ ।" कलस्सी १:१४

## ४. ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभयो ।



"हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन ।" रोमी ६:९

"उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।" २ कोरिन्थी ५:१५

येशूले भन्नुभयो- "म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ ।" योआनेस १४:१९

५. **हामी अनन्त जीवन जीउनलाई हामीसंग ख्रीष्टको पवित्र आत्मा हुन जरुरी छ।**

… "**ख्रीष्ट तिमीहरूमा … जो महिमाको आशा हो।**" कलस्सी १:२७

"**तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।**" रोमी ८: ११

**तपाईमा ख्रीष्टको आत्मा वास गर्नुहुन्छ भन्ने कुरो निश्चय गर्नुहोस्**

"**कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन।**" रोमी ८:९

# तपाईंले अनन्त जीवन कसरी प्राप्त गर्नुहुन्छ

२४ पृष्ठदेखि
शुरु हुने
निर्देशिका
पछ्याउनुहोस् ।



निर्दोष वा दोषी
मानिस उसको
कामबाट थाह
गर्नसकिन्छ ।

हितो. २०:११

येशू मलाई गर्छन् प्यार यो हो सब बाइबलको सार ।

**येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो ।"** लूकास १८:१६

**"यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट नहोस् ।"** मतियोस १८:१४

तपाई जो कोही र जहाँको बासिन्दा हुनुहुन्छ- येशूले तपाईलाई प्रेम गर्छन् । तपाईको निम्ति उहाँ मर्नुभयो । येशू पनि चाहन्छन् कि तपाईले उहाँलाई प्रेम गरेको । येशूप्रति तपाईको प्रेम उहाँको आज्ञा पालन गरेर प्रकट हुन्छ ।

**"तिमीहरूले मलाई प्रेम गर्छौभने मेरा आज्ञाहरू पालन गर्नेछौ ।"**

योआनेस १४:१५

# परमेश्वर कहाँ जाने बाटो

*१. म एक पापी मानिस हुँ भनी स्वीकार गर्नुहोस् ।*

**"...पाप गरेका छन्, र परमेश्वरको.... पुग्नबाट चुकेका छन् ।"**

रोमी ३:२३

*२. येशूद्वारा परमेश्वर कहाँ आउनुहोस् ।*

**"किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ मानिस, ख्रीष्ट येशू ।"** १ तिमोथियस २:५


**"फलस्वरूप उहाँद्वारा ....उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ ।"** हिब्रू ७:२५

येशूले भन्नुभयो - **"पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन ।"** योआनेस ६:३७

३. *आफ्नो पापको पश्चताप माग्नोस् ।*

"यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईहरूका पाप मेटिऊन् ।" प्रेरित ३:१९

"आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ ।" २ पत्रस ३:९




४. *येशूलाई आफ्ना पापहरू क्षमा माग्नोस् ।*

(क्षमाको अर्थ स्वीकार वा खुलस्त गर्नु हो ।)

२६ तल दिइएका खाली ठाउँमा हातको चित्रमा भएको १ यूहन्ना १:९ लेख्नुहोस् ।

___

___

___

___


५. *आफ्ना पापहरू त्याग गर्नुहोस् ।*

(तिम्रा दोषहरू लुकायौ भने तिम्रो उन्नति हुँदैन ।)

"तर स्वीकार गरेर ती छोड्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ ।"

हितोपदेश २८:१३

"खराबी गर्न छोड, र भलाइ गर ।" भजनसंग्रह ३७:२७



## ६. *येशू ख्रीष्टमा विश्वास गर्नोस्*



"किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।"

रोमी १०:९

**अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ ......यो त परमेश्वरका वरदान हो कर्महरूद्वारा हैन, नत्रता मानिसले घमण्ड गर्नेछ ।** एफिसी २:८-९

**"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ- तपाई र तपाईका परिवारले ।"**

प्रेरित १६:३१

*७. आफ्नो हृदय र जीवनमा येशू ख्रीष्टलाई ग्रहण गर्नोस् ।*

आफ्नो हृदयको ढोका तपाईले मात्र खोल्न सक्नुहुन्छ र येशूलाई स्वागत गर्नुसक्नुहुन्छ ।



**हेर, म ढोकामा उभिएर ढकढक्याउँछु । कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, त्यसले मसँग खानेछ ।** प्रकाश ३:२०

**तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।**

योआनेस १:१२

# यो प्रार्थना गर्नोस्



यो भन्दा अघि प्रार्थना गर्नुभएको छैन र प्रार्थना गर्न सहायता चाहिन्छ भने तल दिइएका प्रार्थना विश्वासंग दोहोऱ्याउनोस् ।



**प्रिय प्रभु येशू,**

**मेरो पापको लागि क्रूसमा मर्नुभएको लागि धन्यवाद चडाउछु । मैले गरेका सबै गल्तीहरूको निम्ति म क्षमा चाहन्छु । कृपया: तपाई मेरो हृदयमा आउनु भएर सधैं वास गर्नोस् । मेरो हृदय धोएर सफा गरिदिनोस् भनी तपाईलाई भरोसा गर्छु । म तपाईलाई मेरा मुक्तिदाता र प्रभु भनी ग्रहण गर्छु ।**

**येशूको नाममा, आमेन ।**

# ३० तपाईंको हृदयमा प्रभु येशू हुनुहुन्छ भने तपाईंसंग अनन्त जीवन छ


“...**परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ,** ... ।” १ योआनेस ५:११-१२

“... **मेरो वचन सुन्छ र** ... **माथि विश्वास गर्छ।**” योआनेस ५:२४

“...**मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। शरीरबाट अलग भएर प्रभुसंग रहन हामी चाहन्छौं।**” २ कोरिन्थी ५:८

“**यो रहस्य ख्रीष्ट** ......**महिमाको आशा हो।**” कलस्सी १:२७

यदि तपाईले येशूलाई आफ्नो पाप क्षमा गरिदिनोस् भनी भन्नुभयो र उहाँलाई आफ्नो हृदयमा विश्वाससंग मुक्तिदाता र प्रभु भनी ग्रहण गर्नुभयो भने यो धर्सोमा आफ्नो नाम लेख्नोस्। ________________



प्रत्येक दिन बाइबलका पदहरू पढ्नोस् । कण्ठ गर्नोस् र आफ्नो हृदयमा लुकाएर राख्नोस । यसले सहायता गर्छ । (धेरै पदहरू यो पुस्तिकामा छ।)

**"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ ।"**

२ तिमोथियस ३:१६

# ३२ कुनै पनि समय येशूसंग प्रार्थनामा बातचित गर्नोस्

जीवनमा प्राप्य सबै असल कुरोको निम्ति येशूलाई धन्यवाद चढाउनुहोस् । उहाँले तपाईको निम्ति गरिदिनु भएका कार्यहरूको लागि र आत्मा बचाइदिनुभएको लागि प्रशंसा गर्नोस् । प्रत्येक खाँचोको निम्ति येशूलाई प्रार्थना गर्नोस् । येशूको नाममा प्रार्थना गर्नोस् ।



"उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ ।" १ योआनेस ५:१४

"मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ ।" योआनेस १६:२३

"एउटाले अर्काको लागि प्रार्थना गर ।" याकूब ५:१६ क

"तिमीहरूलाई ... प्रार्थना गर ।" मतियोस ५:४४

# येशूले चेलाहरूलाई सिकाउनु भएको प्रार्थना



(चेला त्यो व्यक्ति हो जो येशूको पछि लाग्छ ।)

"तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर:

'हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस् । तपाईंको राज्य आओस् । तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् । (किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन ।)' " मतियोस ६:९-१३

यो प्रार्थना कण्ठ गर्न राम्रो हुन्छ । विश्वासीहरू यो प्रार्थना संगसंगै मुख खोलेर गर्छन् ।

# ३४ कसरी जीवन बिताउनु सो बारेमा परमेश्वरका दश आज्ञा

(प्रस्थान, अध्याय २०)

*पहिलो चार आज्ञामा परमेश्वरप्रति हाम्रो प्रेम सम्बन्धित छन् ।*

१. मेरो सामने तैले अरू कुनै देवता-देवीहरू नमान्नू ।

२. तैले आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू... तँ तिनीहरूका सामने ननिउरनु, तिनीहरूको सेवा नगर्नु ।

३. तैंले परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनु ।

४. विश्रामको दिन पवित्र मान्नुपर्छ भनी याद राख् ।

*अन्तिम ६ वटा चाहिँ मानिसप्रति हाम्रो प्रेम हो ।*

५. आफ्नो बाबु र आमालाई आदर गर् ।

६. तैले हत्या नगर्नू ।

७. तैले व्यभिचार नगर्नू । (व्यभिचार भनेको श्रीमान वा श्रीमतीले अविश्वासनीय यौन सम्पर्क गर्नु हो ।)

८. तैले चोरी नगर्नू ।

९. तैले आफ्नो छिमेकीको विरुद्धमा झूटो साक्षी नदिनू ।

१०. तैले छिमेकीको कुनै पनि थोकको लालच नगर्नू ।

***ईश्वरको आज्ञा पालनले हाम्रो प्रार्थनाको उत्तर हुन्छ ।***

**हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, र उहाँलाई मनपर्ने कामहरू गर्छौं ।**

१ योआनेस ३:२२

# दुई महान आज्ञाहरू

## परमेश्वरको निम्ति प्रेम

**"येशूले तिनलाई भन्नुभयो, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू।' महान् र प्रथम आज्ञा यही हो।"** मतियोस २२:३७-३८

## मानिसप्रति प्रेम




**"दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू।"** मतियोस २२:३९

दश आज्ञाहरू (पृष्ठ ३४,३५) दुइवटा महान आज्ञाहरूमा संलग्न छन्।

# सबैभन्दा उच्च प्रेम

## प्रेमको अध्याय

(१ कोरिन्थी १३:१-८, १३)

मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोलें तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु। मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकूँला, र पहाडहरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइन। यदि मैले सारा सम्पत्ति बाँड़िदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन ।

प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन,

खराबको हिसाब राख्दैन । प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ । प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ ।

प्रेमको कहिल्यै अन्त्य हुँदैन । अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ ।


अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो ।

## परमेश्वर प्रेम हुनुहुन्छ

**"परमेश्वर प्रेम हुनुहुन्छ र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ र परमेश्वर त्यसमा रहनुहुन्छ ।"** १ योआनेस ४:१६

# अरूहरूलाई गवाही दिनोस् भनी येशू चाहनुहुन्छ






(घर, विद्यालय, मण्डली जहीकही गवाही दिनुहोस्)

**येशूले भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ ।"**

मर्कूस ५:१९

# ४० परमेश्वरको साँचो बालकलाई कसरी चिन्ने ?

**"यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ ।"**

मतियोस ७:२०

**"तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्‍वस्तता, नम्रता, संयम ... ।"** गलाती ५: २२-२३

**"किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ ।"** मतियोस ६:१४

## *परमेश्वरले घृणा गर्नुहुने ७ कुराहरू*

**"अहंकारी आँखा, ...र दाजुभाइहरूका बीचमा झगड़ा उठाउने मानिस ।"**

हितोपदेश ६:१७-१९




**शरीरको कामहरू** 


व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैंझगड़ा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कड़पन, मोजमज्जा र यस्तै जस-जसले यस्ता कामहरु गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन् ।
गलाती ५:१९-२१

पुरुषगामीहरू, चोरहरू, लोभीहरू ।
१ कोरिन्थी ६:९-१०

*येशूले आफ्नो आत्माद्वारा तपाईलाई भरपूर र शुद्ध पारुन्*

**"...परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ ।"** १ कोरिन्थी ६:११

# नर्क एउटा वास्तविक ठाउँ हो




(पढ्नुहोस् लूकास १६:१९-२६)

येशूलाई भरोसा गर्ने होओ । उहाँले तपाईको नाम जीवनको पुस्तकमा लेखिदिनुहुन्छ ।

"जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो ।"

प्रकाश २०:१५

"गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ।" १ योआनेस ५:११

"किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३

"जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।" योआनेस ३:३६

"येशूले तिनलाई भन्नुभयो, 'बाटो सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।'" योआनेस १४:६

# ४४ स्वर्ग एउटा वास्तविक ठाउँ हो



योआनेसले आफ्ना दर्शनमा नयाँ स्वर्ग र नयाँ पृथ्वी देख्छन्-प्रकाश २१।

**“उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।” सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, “हेर, म .... ।”** प्रकाश २१:४-५

योआनेसले पवित्र शहर, नयाँ यरुसलेम स्वर्गबाट ओर्लेर आइरहेको देखे । **शहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो । ...... बहुमूल्य रत्नहरूले जडिएका थिए ।** प्रकाश २१:१८-१९

# उहाँलाई विश्वास गर्ने सबैको निमित्त येशू घर तयार पार्न जानुभएको छ 

"तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, ...ठाउँ तयार पार्न म गइरहेछु ? अनि गएर मैले...... लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ ।" योआनेस १४:१-३

## अरुहरूलाई यो खुशीको खबर सुनाउनुहोस्

येशूले भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।" मर्कूस १६:१५

"धार्मिकताको प्रतिफल जीवनको सहारा हो ।" उपदेशक ११:३०

# ४६ विश्वास गर्नेहरूको लागि परमेश्वरको वाचा

"... म तिमीहरूलाई त्याग्ने छैन।" हिब्रू १३:५



"किनकि उहाँले आफ्ना दूतहरूलाई तिम्रा सबै मार्गमा रक्षा गर्नलाई कडा आज्ञा दिनुहुनेछ।" भजनसंग्रह ९१:११

"...कसैले तिनीहरूलाई खोसी लानेछैनन्।" योआनेस १०:२९

"...सधैं तिमीहरूका साथमा छु।" मतियोस २८:२०

"...... तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु।" प्रकाश २:१०

"...परमप्रभु मेरो ज्योति हुनुहुनेछ।" मीका ७:८

"मलाई पुकार, र म तँलाई जवाफ दिनेछु।" यर्मिया ३३:३

*मरेकाहरू पनि फेरि विउताउनेछन् ।*

**"येशू फेरि आउँदैछन् मृत्युबाट प्रत्येक बौरी उठ्ने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्ः सुकर्म गर्नेहरु जीवनको पुनरुत्थानको निमित, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति ।"** योआनेस ५:२८-२९



**"...प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं ।"** १ थेस्सलोनिकी ४:१७

**"जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ ।"** मर्कूस १३:३३

# येशू कसरी आउनेछन् ?



**"हेर, उहाँ बादलहरूसाथ आउदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ ।"** प्रकाश १:७

भुटा ख्रीष्ट र अगमवक्ताहरूबाट होसियार।

**"तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर । ...'विश्वास नगर ।'"** मतियोस २४:२३-२६

*बादलमा येशू अचानक आउनेछन् ।*

**किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। ... पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।** मतियोस २४:२७-३०

# गोठालोको प्रार्थना

(भजन २३)

**परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केहीको खाँचो हुँदैन ।** उहाँले मलाई हरियो खर्कमा सुताउनुहुन्छ । उहाँले मलाई सुख-चैनको पानीनेर डोर्‍याउनुहुन्छ । उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ । उहाँले आफ्नै नाउँको खातिर मलाई धार्मिकताका मार्गमा अगुवाइ गर्नुहुन्छ । **घोर अन्धकारमा मैले हिंडनु परे तापनि, म कुनै खतरादेखि डराउँनेछैनँ । किनकि तपाई मेरो साथमा हुनुहुन्छ । तपाईको लठ्ठी र तपाईको लौरो, तिनैले मलाई सान्त्वना दिन्छन् । निश्चय मेरो जीवनभरि भलाइ र करुणा मपछि लाग्नेछ । र परमप्रभुको घरमा म सदा रहनेछु ।**

Published in numerous languages by World Missionary Press, Inc. as God supplies funds in answer to prayer. If you would like more copies for prayerful distribution, specify which language(s) you need and how many booklets.

For more information or to request a free Bible study, please write to:

**WMP**
**India Bible Literature**
**67 Beracah Road**
**Kilpauk, Chennai 600 010**

**बिना मुल्य–बिक्री को लागि होइन**

Read booklets online or by App
www.wmp-readonline.org



www.wmpress.org 6-17 2266 Nepali WTG